# गाँजा फडानी



**सिम्रिक सम्वाददाता**
**उदयपुर, ११ पुस**

उदयपुरमा लागूऔषधको सेवन कर्ता बढ्दै गएको अवस्थामा बेलका नगरपालिका २ स्थित रामनगर टोल (टप्पु) क्षेत्रमा फस्टाउँदै गएको गांजा फडानी गरेको छ।

इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिला र प्रहरी चौकी भागलपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले टप्पु क्षेत्रमा लगाएको अवैध एक सय ३० गांजाको बोट फडानी गरेर जलाएर नष्ट गरेको प्रहरीले जनाएको छ।

बेलका नगरपालिका ७ मैनामैनी, कोशी टप्पु लगायत क्षेत्रमा ठूलो मात्रामा गांजा खेति हुँदै आएको सूचनामा गांजा फडानी गरेको प्रहरीले जनाएको छ।

## टिपरको...

मृतककी श्रीमती सङ्गीता चौधरी घाइते भएकी छिन्। उनको सप्तरीको फत्तेपुर अस्पतालमा उपचार भइरहेको छ। टिपर र चालक सुनसरीको हरिपुर गाउँपालिका ८ का सुनिल दाहाललाई प्रहरीले नियन्त्रणमा लिइ थप अनुसन्धान गरिरहेको जनाइएको छ। टिपर कान्छाराम कन्ट्रशनको रहेको बुझिएको छ।

## विमा लेख हरायो

मिति २०७८ मंसिर ५ गते घरबाट राजविराजसम्म जाँदा मेरो निम्न व्यहोरा भएको नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको विमा लेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा सम्बन्धित इन्स्योरेन्स कम्पनीको कार्यालयको ठेगानामा बुझाई दिन हनु अनुरोध गरिन्छ।
तपशिल नाम : बुधाई सरदार
विमा लेख नं. : २०३०२०७५६

## स्वास्थ्य कार्यालय
**उदयपुर**

*मिति : २०७८/०९/०६*

**सूचना। सूचना।। सूचना।।।**

**बालबालिकालाई कोभिड १९ विरुद्धको "मोडर्ना" खोप सम्बन्धमा**

आज मिति २०७८/०९/०६ गतेको दिन कोभिड १९ समन्वय तथा अनुगमन समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी श्री विरेन्द्र कुमार यादव ज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णानुसाार १२ वर्ष उमेर पुरा भई १७ वर्ष सम्मका बालबालिकाहरुलाई कोभिड १९ विरुद्धको मोडर्ना खोप तपसिल बमोजिमको मिति, स्थान र समयमा सञ्चालन गरिने भएको व्यहोरा अनुरोध छ। अधिकांश खोपकेन्द्रहरु विद्यालयमा सञ्चालन हुने हुँदा नजिकको स्थानीय तह वा स्वास्थ्य संस्था सँग सम्पर्क राख्न अनुरोध छ। साथै उक्त खोपको दोश्रो मात्रा १ महिना पश्चात सञ्चालन गरिने छ।

**तपसिल**
१. ताप्ली गा.पा. अन्तरगतका विद्यालयहरु पौष ८ गते देखि ११ गते सम्म
२. उदयपुरगढी गा.पाा. अन्तरगतका विद्यालयहरु पौष ८ गते देखि ११ गते सम्म
३. कटारी नगरपालिका अन्तरगतका विद्यालयहरु पौष ९ गते देखि १२ गते सम्म
४. बेलका न.पा. अन्तरगतका विद्यालयहरु पौष १० गते देखि १३ गते सम्म
५. चौदण्डीगढी न.पा. अन्तरगतका विद्यालयहरु पौष १० गते देखि १३ गते सम्म
६. रौतामाई गा.पा. अन्तरगतका विद्यालयहरु पौष १० गते देखि १३ गते सम्म
७ लिम्चुङबुङ गा.पा. अन्तरगतका विद्यालयहरु पौष ११ गते देखि १४ गते सम्म
८ त्रियुगा न.पा अन्तरगतका विद्यालयहरु पौष १२ गते देखि १५ गते सम्म
९. उदयपुर अस्पताल गाईघाट पौष १२ गते देखि १५ गते सम्म
नोट खोपकेन्द्रहरुमा आउदा उमेर खुल्ने कागजात अनिवर्या गरिएको छ।

**राम नरेश ठाकुर**
**नि. स्वास्थ्य प्रमुख**

## कटारी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**
**१ नं. प्रदेश नेपाल**

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रकाशित मिति २०७८/०९/१२

यस कटारी नगरपालिका वडा नं. ०२ अन्तर्गत तावा, ककरु र कमला नदीको संगम स्थलमा परम्परादेखि लाग्दै आएको त्रिवेणी (मैनी) मेला मिति २०७८/१०/०१ गते देखि २०७८/१०/१५ गतेसम्म व्यवस्थापन गर्नुपर्ने भएकोले सो व्यवस्थापन गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट तपसिलमा लेखिएको शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्ने गरी स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम ०७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम कबोल अंक ( कर वाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| ०५-२०७८/०७९ | त्रिवेणी मेला व्यवस्थापन | ७,००,०००।– | १०००।– |

ठेक्का शर्तहरु :-
१. शिलबन्दी दरभाउपत्र फारम नगरपालिकाको कार्यालयको राजश्व शाखाबाट रु. १०००। – फिर्ता नहुने गरी बुझाई प्राप्त गर्न सकिनेछ। व्यक्तिको हकमा नागरिकताको प्रतिलिपी र पान नं. को प्रमाणित प्रतिलिपी समेत पेश गर्नुपर्नेछ भने संस्थागत हकमा कानुन बमोजिम खरिद कार्यमा भाग लिन योग्य भएको कागजात पेश गर्नुपर्नेछ।
२. ठेक्काको बोलपत्र सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र खरिद गरी ८ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे देखि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। तर प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। शिलबन्दी दरभाउपत्र खरिद गर्ने,दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
३. न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरेको, म्याद नाघेको रित नपुगेको कुनै शर्त राखी पेश भएको शिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन।
४. शिलबन्दी दरभाउपत्र कबोल अंक २.५ प्रतिशतका दरले हुने धरौटी रकम नगद वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको धरौटी खाता नं २०५०१००३०३००००२ मा जम्मा गरी सो को सक्कल भौचर वा मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको सो रकम बराबरको बैंक जमानत शिलबन्दी दरभाउ पत्र साथ राखी यस कार्यालयमा बुझाउनु पर्नेछ।
५. शिलबन्दी दरभाउ पत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
६. शिलबन्दी दरभाउ पत्र दर्ता गराई सकेपछि संसोधन गर्न पाईने छैन।
७. प्रकाशित सूचना बमोजिम दर्ता भएका कुनै वा सबै दरभाउपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत लगायत ठेक्का सम्बन्धि सम्पूर्ण अधिकार न.पा.मा रहनेछ।
८. शिलबन्दी दरभाउ पत्र स्वीकृत भएको फर्मले स्वीकृत ठेक्का सम्झौता हुनु अगावै आफुले कबोल गरेको अंक बराबरको नगदै रकम वा वा न.पा.को आन्तरिक राजश्व खाता नं. २०५०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचर न.पा.मा बुझाउनु पर्नेछ।
९. त्रिवेणी मेलामा सरक्षा तथा सुरक्षकर्मीको व्यवस्थापन, सम्बन्धित निकायबाट मेलाको स्वीकृति तथा बजार व्यवस्थापन समिति लगायत व्यवस्थापनका सम्पूर्ण कार्यहरु ठेकेदार स्वयम्ले गर्नु पर्नेछ।
१०. कवोल अंकको नियम अनुसार लाग्ने कर सम्बन्धित कर कार्यालयमा ठेकेदार स्वयम्ले बुझाई सोको प्रमाणीत जानकारी न.पा.लाई दिनु पर्नेछ।
११. कानूनले निषेध गरिएका खेल तमासा लगायतका कार्य गर्न पाईने छैन।
१२. अत्यावश्यक संरचना शौचालय, प्रहरी विट, न.पा. सेल व्यवस्थापन, अस्थायी टहरा ठेकेदारले निर्माण गर्नु पर्नेछ।
१३. मेलामा आगन्तुकलाई आकर्षण गर्न कृषि सामग्रीको प्रदर्शन, स्थानीय कला संस्कृतीको प्रदर्शन, स्थानीय तथा राष्ट्रिय कलाकारहरुको प्रस्तुती, बाल उद्यन जस्ता मनोरन्जन तथा प्रतिस्पर्धी विविध विषयलाई समेटनु पर्नेछ।
१४ मेलामा दर रेटको सम्बन्धमा बजार व्यवस्थापन समितिले निर्णय गरेको दर रेटलाई नगरपालिकाले अनुमोदन गरेपछि मात्र लागु हुनेछ।
१५. ठेक्का सम्बन्धि विस्तृत जानकारी कार्यालयबाट प्राप्त गर्न सकिनेछ र अन्य कुराहरु प्रचलित ऐन, नियम तथा शिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

न्यू चौधरी सप्लायर्स
मो. ९८४२८३७५४४/०३५-४२२६१२
यहाँ, तथा मर्मतको लागि मिस्त्रीको व्यवस्था छ।
हामीलाई सम्पर्क गर्नु होस्। हामी कहाँ हिलटेकको इलेक्ट्रोनिक गिजर र ग्यास गिजर उपलब्ध छ। साथै अग्नी कम्पनीको चिम्नी पनि उपलब्ध छ। प्लम्बिङ सम्बन्धी सम्पूर्ण सामान पाउनुको साथै मिस्त्री (पल्मबर) पनि व्यवस्था छ।


स्थान : त्रि.न.पा.-११, गाईघाट, विघुत मार्ग, उदयपुर


प्रकाश
इन्टरप्राईजेज
त्रि.न.पा.-११, गाईघाट, उदयपुर

यहाँ सर्टिङ्ग-सुर्टिङ्ग, साडी कुर्था सुरुवाल कपडाका साथै विभिन्न आकर्षक ड्रेस मेटेरियल, सुटपिसका कपडाहरु सुपथ मुल्यमा पाईन्छ।
प्रो. प्रकाश गुप्ता
मो. ९८१६७४७०३०

Scanned with CamScanner